अन्नपूर्ण गाउँपालिकाफ

# स्थानीय राजपत्र

खण्डः ५ संख्या :०५  मिति : २०८१।०१।१२

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

**गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१**

गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०१।०३

**प्रस्तावना :**

अन्नपूर्ण गाउँकार्यपालिका कार्य सम्पादन नियमावली, २०७४ को नियम १०(७) बमोजिम स्वीकृत भई कार्यान्वयममा रहेको गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ मा केही संशोधन गर्नुपर्ने भएकाले भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाको मिति २०८१।०१।०३ गते बसको बैठकले कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

**१) सङ्क्षिप्त नाम र प्रारम्भः-**

१) यो कार्यविधिको नाम गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२) **मुल कार्यविधिको दफा ११ को उपदफा १ मा संशोधन :** उपदफा १ मा मा रहेको ' गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाको कार्यालयमा बस्नेछ ।' को सट्टामा ' गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाको अध्यक्षले तोकेको स्थानमा बस्नेछ ।' वाक्यांश कायम गर्ने ।

राजपत्रमा प्रकाशित मिति : २०८१।०१।१२

आज्ञाले,
अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत